

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २०७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० साउन २४ गते बुधबार ❑ 9 Aug. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पार्टी निर्माणका लागि युग सुहाउँदो प्रणालीमा लागौं - एमाले उप महासचिव गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, २३ साउन

ने .क .पा. (एमाले ) गण्डकी प्रदेश कमिटीको जनसंगठनका केन्द्रिय पदाधिकारी ,केन्द्रिय सदस्य र प्रदेस अध्यक्षहरूको छलफल मंगलबार पोखरामा सम्पन्न भएको छ।

कार्यक्रमको सो पार्टीका उप -महासचिव पृथ्वीसुब्बा गुरुङले उद्घाटन गरेका थिए । गुरुङले योजनाबद्ध कामले गतिशीलता दिने हुँदा उत्कृष्ट परिणामका लागि उद्देश्यमुलुक तवरले लाग्नुपर्ने बताए । जनजिबिकाको सम्बोधनका लागि एकीकृत प्रयास चाहिने मान्यता अनुसार जनसंगठनहरू बनेको हुँदा अब एमालेको एकल बहुमतका लागि सबै लागिपर्न आग्रह गरे । उत्पादनमूलक र निर्माणमूलक काम नै आजको आबश्यकता भएकोले संगठन निर्माणमा लाग्न आग्रह गर्दै गुरुङले पार्टी निर्माणका लागि युग सुहाउँदो काम चाहिने बताए। उप महासचिव गुरुङले समाजबादको



बाटो हुँदै समृद्धिको गन्तव्यका लागि एकल बहुमतका लागि अबको तयारी हुनुपर्ने उल्लेख गरे। कार्यक्रममा गण्डकी प्रदेश इन्चार्ज समेत रहेका एमाले सचिब गोकर्ण बिष्टले गतिशील पार्टी निर्माणका लागि सशक्त जनसंगठनबाट मात्रै संभब हुने भन्दै बिगतका हरेक उपलब्धिहरू उनिहरूको दरिलो र भरिलो साथले मात्रै संभब भएको स्मरण गर्दै अब पनि जुझारु ढंगले लाग्नुको बिकल्प नभएको उल्लेख गरे । सचिब बिष्टले बर्ग संघर्षमा बिजय हासिल गर्न सकारात्मक, उर्जाशिल र रचनात्मक जनसंगठन अबको आबश्यकता भएको भन्दै सबै पक्ष क्षमताको समुचित समयानुकूल उपयोग र परिमार्जनमा समेत ध्यान दिन आग्रह गरे। स्थायी कमिटी सदस्य खगराज अधिकारीले जनसंगठन पार्टीका पोषण दिने जरा भएको हुँदा समन्वय प्रभाबकारी बनाउन भेला उपलब्धिमुलक हुने उल्लेख गरे। अधिकारीले एमालेलाई भौतिक शक्ति जनसंगठनबाट प्राप्त हुने भन्दै हरेक ठाँउमा प्रभाबकारी भुमिका खेल्न आग्रह गरे । जनबर्गिय संगठनका समन्वय सम्यन्त्र प्रमुख समेत रहेका स्थायी कमिटी सदस्य भानुभक्त ढकालले एमाले जनतासङै रहने पार्टी भएको हुँदा हर बखत जनताको घर दैलोमै रहनुपर्ने र सबै जनबर्गिय संगठनका नेता कार्यकर्ता त्यसतर्फ केन्द्रित हुन आग्रह गरे। कार्यक्रममा एमाले स्थायी कमिटी सदस्य थममाया थापाले पार्टी ससक्ति्तकरणको आधार जनसंगठन भएको उल्लेख गरिन । अनेमसंघका केन्द्रिय अध्यक्ष समेत रहेकी एमाले केन्द्रिय सदस्य टुकाभद्र हमालले संघर्षको मैदानमा बिगतमा सबै जनसंगठन हातमा हात मिलाएर हिडेको स्मरण गर्दै आउने दिनमा अझै बलियो सामुहिक गठजोड आबश्यक भएको जोड दिइन।

कार्यक्रममा एमाले केन्द्रिय सदस्य तथा जनसंगठन गण्डकी संयोजक डा. सूर्य पाठक, गण्डकी प्रदेश अध्यक्ष नबराज शर्मा, नेपाल उत्पीडित जातिय मुक्ति समाजका केन्द्रिय अध्यक्ष मनोहर बि.पौडेल लगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा नेपाल ट्रेड युनियन महासंघ

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## पोखरामा ३ दिन विद्यालय बन्द

**पोखरापत्र संवाददाता**
पोखरा, २३ साउन

पोखरामा बुधबारदेखि ३ दिन विद्यालय बन्द हुने भएको छ । आँखा पाक्ने रोग संक्रमण बढेकोले पोखरा महानगरले ३ दिन विद्यालय बन्द गर्न आग्रह गरेसंगै पोखराका विद्यालय बन्द हुने भएको हो।

उक्त रोग नियन्त्रण गर्न शनिबार सहित लगातार ४ दिन विद्यालय बिद्यालय बन्द गर्न महानगरले आग्रह गरेको हो । आँखा पाक्ने रोग आफैमा संक्रमित रोग भएकाले संक्रमणको चक्रलाई रोक्नको लागि पोखरा महानगरपालिकाको यही साउन २४ देखि २६ गते ३ दीन बिद्यालयहरु बन्द गर्न एक सूचना प्रकासित गर्दै आग्रह गरेको हो।

महानगरपालिका प्रमुखको संयोजकत्वमाबसेकोसरोकारवालाहरूको बैठकको निर्णयानुसार पोखरा महानगरपलिका अन्तरगतका सम्पूर्ण सामुदायिक संस्थागत र मन्टेसरी स्कूलहरू समेत वर्षे/हिउँदे /स्थानीय विदाबाट कट्टा हुने गरी ३ दिन विदा दिने निर्णय भएको वरिष्ठ शिक्षा अधिकृत बद्रिनाथ सुवेदीले बताउनु भयो। सवै विद्यार्थीहरूलाई घरमा सुरक्षित तरिकाले बस्न लगाउने र अभिभावकलाई पनि संक्रमणबाट बच्ने सूचना मूलक सन्देश संप्रेषण गर्न महानगरले आग्रह गरेको छ। पोखरा महानगरपालिकाको उक्त निर्णयले आँखा पाक्ने रोगलाई नियन्त्रण गर्न केही सहयोग पुग्ने हिमालय आँखा अस्पतालका प्रा.डा.इन्द्रमान महर्जनले बताउनु भयो । उहाँका अनुसार आज मंगलबार पनि अस्पतालमा करिब १ हजार जना आँखा परिक्षण गर्नका लागि बिरामीहरु आएका छन् । अस्पताल आएका बिरामीहरु मध्य करिब ७० प्रतिशत जसो आँखा पाक्ने समस्या भएको अस्पतालको दाबी छ । पोखरा क्षेत्रमा विगत ५/६ दिन देखि आँखा पाक्ने रोगको सङ्क्रमण बढेकोले सचेत रहन चिकित्सकहरुले सुझाव दिदै आउनु भएको छ। हिमालय आँखा अस्पताल घारीपाटन पोखरामा हिजोआज दैनिक जसो १२/१३ सय जना बिरामीहरु आँखा परीक्षण गर्न आउने जस मध्य अधिकांश आँखा पाक्ने समस्याका बिरामीहरु भएको प्रा.डा.महर्जनले बताउनु भयो।

हिजोआज विगत ४/५ दिन देखि आँखा पाक्ने रोगको संक्रमणका कारण तेब्बर जसो बिरामीहरु अस्पताल आउने गरेको प्रा.डा. महर्जनले बताउनु भयो । यो आँखा पाक्ने रोग सरुवा रोग भएकोले जसरी कोरोना संक्रमणका वेला अपनाइएको सावधानि यस रोगबाट बच्न पनि उस्तै गरी सरसफाई र आँखा पाक्ने बिरामीबाट टाडा रहदै सरसफाईमा बिषेश ध्यान दिन उहाँले आग्रह गर्नु भएको छ।

पोखरा सहित देशका केही क्षेत्रमा केही दिन देखि आँखा पाक्ने रोगको सङ्क्रमणका कारण बिरामीहरु ह्वातै बढेको हिमालयन आँखा अस्पतालकी स्वास्थ्य निर्देशक डा.इलिया श्रेष्ठले बताउनु भयो। आँखा पाक्ने समस्या भएका बिरामीहरुमा आँखा रातो हुने,

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## शिक्षा विधेयकबारे छलफल नगरिएकामा निजी विद्यालय सञ्चालक असन्तुष्ट

**रासस**
काठमाडौं, २३ साउन

नेपाल सरकारले सङ्घीय संसद्मा पेस गर्ने तयारी गरेको विद्यालय शिक्षालाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा भएका निजी विद्यालयसम्बन्धी प्रस्तावमा असन्तुष्टि जनाएको छ।

निजी विद्यालय सञ्चालकका सङ्गठनहरूले मंगलबार संयुक्तरूपमा पत्रकार सम्मेलन गरी आफूहरूको सम्पत्तिको हकको सम्मानसहित विधेयकको मस्यौदा संशोधन गर्न माग गरिएको छ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन), राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोशिएसन (एन प्याब्सन), उच्च शिक्षालय तथा माध्यमिक विद्यालय सङ्घ नेपाल, (हिसान)ले गरेको संयुक्त पत्रकार सम्मेलनमा विधेयकमा राखिएका केही प्रावधान प्रति असन्तुष्टी जनाएको छ । निजी लगानीका संस्थागत विद्यालयप्रति पूर्वाग्राही र संविधान विपरीत, अव्यवहारिक र अन्यायपूर्ण भएको उनीहरूको भनाइ छ । मन्त्रिपरिषद्को यही साउन १६ गतेको बैठकले विधेयकको मस्यौदा स्वीकृति गरी संसद्मा पेस गर्ने निर्णय भएको थियो । विधेयकले पाँच वर्षभित्रमा निजी लगानीका विद्यालयले आफ्ना सम्पूर्ण दायित्व फर-फारक गरी शैक्षिक गुठीमा रुपान्तरित हुनुपर्ने लगायतका व्यवस्थाप्रति संस्थाले आपत्ति जनाएका छन्।

प्याब्सन अध्यक्ष डिके ढुङ्गाना, एन-प्याब्सनका अध्यक्ष पाण्डव हमाल र हिसान अध्यक्ष रमेश सिलवालले जारी गर्नुभएको विज्ञत्तिमा मस्यौदा संशोधन नभए यही साउन २४ गते पालिका, जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय इकाइ, प्रदेश मन्त्रालयमा ज्ञापनपत्र बुझाउने, साउन २५ गते मस्यौदाप्रति विरोध प्रदर्शन गर्ने, साउन २६ गते सरोकारवाला पक्षबीच अन्तरक्रिया तथा छलफल गर्ने, साउन २७ गते आ-आफ्नो सङ्गठनमा समीक्षा गर्ने जनाइएको छ। त्यसपछि पनि माग सम्बोधन नभए कडा विरोधका कार्यक्रम ल्याउने जनाइएको छ।

## देश विकासमा आदिवासी जनजाति समुदायको योगदान महत्वपूर्ण : प्रदेश प्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, २३ साउन

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले राजनीतिक परिवर्तनसँगै देश निर्माणमा आदिवासी जनजाति समुदायको योगदान महत्त्वपूर्ण रहेको बताउनुभएको छ।

उनान्तीसौं विश्व आदिवासी दिवस (अगष्ट ९) को अवसरमा शुभकामना सन्देश व्यक्त गर्दै उहाँले नेपाली राष्ट्रियतालाई सुदृढ बनाउन, जातीय सद्भाव र आदिवासी जनजाति समुदायको सहिष्णुता कायम राख्न यो समुदायको विशेष योगदान रहेको उल्लेख गर्नुभयो।

'आत्मनिर्णयका लागि परिवर्तनका सम्वाहक आदिवासी युवा' भन्ने नाराका साथ संसारभरिका आदिवासी समुदायले यो दिवस मनाइरहेको उल्लेख गर्दै सन्देशमा आदिवासी समुदायको अधिकारसम्बन्धी आइएलओ महासन्धि १६९ लाई नेपालले सन् २००७ सेप्टेम्बर १३ मा अनुमोदन गरिसकेको भनिएको छ। आदिवासी समुदायको संस्कृति संरक्षणका लागि २३ डिसेम्बर १९९४ को संयुक्त राष्ट्रसङ्घको साधारणसभाले ९ अगष्टलाई विश्व आदिवासी दिवसका रुपमा मनाउने अवधारणासमेत अगाडि बढाएको सन्देशमा भनिएको छ।

राज्यका हरेक निकायमा समुचित र न्यायोचित प्रतिनिधित्वका लागि नेपालको संविधान २०७२ ले संवैधानिकरुपमा प्रत्याभूतसमेत गरेकाले बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक र बहुभाषिक देश नेपालको मौलिक विशेषताका रुपमा रहेको विविधतालाई सबैले सम्मान गर्नुपर्ने प्रदेश प्रमुख गुरुङले भन्नुभएको छ।

संवैधानिकरुपमा प्राप्त आदिवासी जनजातिका सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक अधिकारको प्रयोग र रक्षा गर्दै प्राप्त अधिकारलाई व्यवहारमा उतार्न थप अधिकारको सुनिश्चितताका लागि शान्तिपूर्ण, संवैधानिक र लोकतान्त्रिक माध्यमबाट अघि बढ्न यस दिवसले सबैमा प्रेरणा प्रदान गर्ने सन्देशमा उल्लेख छ।

## कास्कीमा उत्पादनका आधारमा दुग्ध उत्पादक कृषकलाई अनुदान


**पोखरापत्र संवाददाता**
पोखरा, २३ साउन

जिल्लाका दुग्ध उत्पादक कृषकहरूले उत्पादन परिमाणका आधारमा सरकारबाट अनुदान रकम प्राप्त गरेका छन्।

गण्डकी प्रदेश सरकारले व्यावसायिक कृषकहरूलाई दूध उत्पादनमा आधारित प्रोत्साहन रकम प्रदान गरेको हो । सहकारी संस्था वा सहकारी समूहबाट दूध बिक्री वितरण गर्दै आएका कृषकहरू यसबाट लाभान्वित भएका छन् । सरकारले उत्पादनका आधारमा अनुदान रकम दिने भएपछि जसले धेरै उत्पादन गर्छ उसैले बढी रकम पाएको छ । कृषकले प्रतिलिटिर रु दुई रुपैयाँ ५० पैसा अनुदान पाएका थिए । प्रदेश सरकारको कृषि मन्त्रालयअन्तर्गतको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले गत आर्थिक वर्ष २०७९/८० मा दूध उत्पादनमा आधारित प्रोत्साहन सहयोग कार्यक्रमअन्तर्गत रु ८५ लाख ४६ हजार कृषकलाई वितरण गरिएको जनाएको छ।

पोखरा महानगर, रुपा, अन्नपूर्ण, मादी र माछापुच्छ्रे गाउँपालिकाका पशुपालक कृषकहरू यसबाट लाभान्वित भएका छन् । पशु सेवा विज्ञ केन्द्रका प्रमुख शम्भुराज पाण्डेलेउत्पादनकाआधारमासहयोग रकम प्रदान गरिएको बताउनुभयो। व्यावसायिकरूपमा पशुपालन गरी दूध उत्पादन गर्दै सहकारी संस्था वा समूहमार्फत बिक्री वितरण गर्ने कृषकहरूलाई सो रकम प्रदान गरिएको उहाँको भनाइ थियो । प्रोत्साहन कार्यक्रमका लागि जिल्लाका १९ सहकारी संस्था र समूहले आवेदन दिएका थिए । सरकारले गत वर्ष प्रोत्साहन कार्यक्रमका लागि रु ९० लाख बजेट विनियोजन गरेको थियो । कार्यालयका अनुसार गत वर्ष ३४ लाख १८ हजार लिटर दूधमा प्रोत्साहन रकम प्रदान गरिएको थियो । प्रदेश सरकारले कृषकलाई प्रोत्साहनका लागि दूधमा प्रतिलिटर साढे दुई रुपैयाँ अनुदान दिने गरेको छ । उत्पादनका आधारमा अनुदान दिँदा पारदर्शी र कृषकलाई प्रत्यक्ष सहयोग पुगेको भेटेरिनरी अस्पतालका प्रमुख पाण्डेले बताउनुभयो । उहाँले भन्नुभयो, "उत्पादनका आधारमा प्रोत्साहन रकमले अनुदान दुरुपयोग हुने सम्भावना छैन । जसले धेरै उत्पादन गर्छ उसैले सरकारबाट बढी सहयोग रकम प्राप्त गर्ने भएकाले उत्पादन वृद्धि गर्नसमेत यस कार्यक्रमले सहयोग पुगेको छ।"

सरकारले प्रदान गर्ने अनुदान रकम विगतमा दुरुपयोग भएको भन्दै कृषकहरूले समेत उत्पादनका आधारमा मात्र अनुदान वितरण गर्न माग गर्दै आएका थिए। भेटेरिनरी अस्पतालले जिल्लामा साना व्यावसायिक फार्म स्थापना तथा विस्तार, व्यावसायिक पशु फार्ममा मलमूत्र संरक्षण सहयोग, पाडी बाच्छी हुर्काउन प्रोत्साहन सहयोग, मत्स्य पोखरी निर्माण, लिमे पार्कोटे भैंसी संरक्षण, समुदयास्तरमा भेडा प्रवर्द्धनलगायत कार्यक्रम सञ्चालन गरी कृषकहरूलाई सहयोग गर्दै आएको केन्द्रका पशु विकास अधिकृत सहदेव पौडेलले बताउनुभयो।

# इको ग्रिन हिट पम्प पोखराबाट खरिद बिक्री गर्न पाइने

**पोखरापत्र संवाददाता**
पोखरा, २३ साउन

पोखरा ८ मा रहेको मुस्ताङ इस्टक्चर एण्ड इन्जिनीयरिङ वर्कसपले पोखरामा प्लम्बर मिट सम्पन्न गरेको छ।

इको ग्रिन हिट पम्प गण्डकी प्रदेशमा पोखरा क्षेत्रबाट बिक्रि वितरण गर्ने जिम्मा पाएको उक्त वर्कसपले हालै पोखरामा प्लम्बर मिट आयोजना गरेको वर्कसपका संचालक जयन्द्र गौचनले बताउनु भयो। कम बिद्युत खपतमा सधै र सबैको लागि तातो पानी भन्ने नारा सहित उक्त प्रविधि पोखरा क्षेत्रबाट बिक्रि वितरण गर्न लागिएको सन्र्दभमा प्लम्बर मिट आयोजना गरिएको मुस्ताङ जी.आई.वायर इण्डष्ट्रिज एण्ड सप्लायर्स प्रा.लि.का संचालक समेत रहनु भएका गौचनले जनाउनु भयो।

चितवनमा इको ग्रिन हिट पम्पको प्रदर्शनी भएको कार्यक्रमबाट प्रभावित भई गौचनले गण्डकी प्रदेशको राजधानि पोखराबाट प्रदेशमा उक्त हिट पम्प बिक्रि वितरण गर्ने जिम्मा लिनु भएको हो। सोलार, ग्यााँस गिजर, इलेक्ट्रिक हिट पम्पको लगायतका अन्य तातो पानी तताउन प्रयोग हुने प्रविधि भन्दा धेरै कम बिद्युत खपत हुने उक्त प्रविधि इको ग्रिन हिट पम्प भएकोले यसको बजार विस्तार गर्न आफुले आधिकारीक रुपमा जिम्मा लिएको उहाँले प्रष्ट पार्नु भयो। उक्त इको ग्रिन हिट पम्प घर घर देखि होटल, रेष्टुरेण्ट तथा अस्पतालहरुसम्म प्रयोग गर्न सकिने संचालक गौचनले जनाउनु भयो। एक पटकको लगानीले धेरै बर्षको टिकाउ हुने दाबी गर्दै गौचनले सरल, सहजताका लागि आफुहरुले आम पोखरेलीहरु माझ उक्त प्रविधि भित्राएको जनाउनु भयो। उक्त प्रविधिको महत्व बुझेसंगै पोखरेलीहरुको माग अत्याधिक हुने आफुहरुले अपेक्षा गरेको गौचनले बताउनु भयो।

जर्मन प्रविधिको चाइनामा निर्माण भएको उक्त हिट पम्प नेपालमा सन् २००९ देखि इको ग्रिन इन्टरनेश्नले आधिकारीक रुपमा बिक्रि वितरण गर्दै आएको कम्पनीका संचालक पवित्र चुकेले बताउनु भयो। उहाँका अनुसार बजारमा उपलब्ध हुने वाटर हिट पम्पको तुलनामा करिब ६० देखि ७० प्रतिशतसम्म कम बिद्युत खपतमै हर मौसम, हर समयमा तातो पानी उपलब्ध गराउन सकिन्छ। पोखरा क्षेत्रमा करिब ९० भन्दा बढी होटलहरुमा उक्त हिट पम्प जडान भएको यसको माग अत्याधिक भएकोले यसको आधिकारीक बिक्रेताको रुपमा मुस्ताङ इस्टक्चर एण्ड इन्जिनियरिङलाई दिएको बताउनु भयो। १ सय ५० लिटर देखि ३ हजार लिटर क्षमताका उक्त हिट पम्प बजारमा उपलब्ध भएको कम्पनीले जनाएको छ। छोटो समयमा तताउने की केही समय पश्चात पानी तताउने त्यसका आधारमा पनि हिट पम्पको मुल्य निर्धारण गरिएको छ भने सामान्यतया १ लाख ७५ हजार देखि १५ लाख मुल्य बराबरको उक्त हिट पम्प बजारमा उपलब्ध भएको छ। २ बर्षसम्म सर्भिस निःशुल्क र मेसिनमा कुनै समस्या आएमा त्यसको रिप्लेस समेत हुने कम्पनीका सहायक व्यबस्थापक मदन खत्रिले दाबी गर्नु भयो। एक पटक तताएको तातो पानी करिब ४८ घण्टासम्म प्रयोग समेत गर्न सकिने जसले कम बिद्युत खपत हुने उहाँले जनाउनु भयो।

थर्मसमा पानी राखे सरि तताएको पानी ४८ घण्टासम्म तातो पानी रहने व्यबस्था रहेको कम्पनीको दाबी छ। टेक्निकल इरर आउदा प्राविधिहरुले त्यसको समाधान गर्न सकिने व्यबस्था मिलाएको खत्रीले जनाउनु भयो। सानो ठाँउमा पनि उक्त हिट पम्प जडान गर्न सकिने भएकोले यसको माग बढेको कम्पनीले जनाएको छ। नेपाली बजारमा उक्त हिट पम्पले ६० प्रतिशत बजार ओगटेको कम्पनीको दाबी छ।

# गण्डकीमा दूध, मासु र अण्डा उत्पादन घट्यो

**पोखरापत्र संवाददाता**
गण्डकी, २३ साउन

गण्डकी प्रदेशमा पशुपक्षीजन्य उत्पादनमा ह्रास आएको छ। पछिल्लो दुई आर्थिक वर्षको तुलनामा दूध, मासु र अण्डाको उत्पादन घटेको हो।

आव २०७८/७९ मा दुई लाख ८२ हजार एक सय ८६ मेट्रिक टन दूध उत्पादन भएकामा गत आवमा दुई लाख ६४ हजार आठ सय ४९ मेट्रिक टनमात्रै उत्पादन भएको छ। जुन छ दशमलब १४ प्रतिशतले कमी हो। मासुको उत्पादनमा पनि आठ दशमलव ४७ प्रतिशतले कमी आएको छ। आव २०७८/७९ मा ६२ हजार दुई सय ६० मेट्रिक टन उत्पादन भएकामा गत आवमा जम्मा ५६ हजार नौ सय ८७ मेट्रिक टन मासु उत्पादन भएको प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार आव २०७८/७९ मा ३४ करोड ३७ लाख गोटा अण्डा उत्पादन भएको थियो। गत आवमा त्यो सङ्ख्या घटेर २४ करोड ५० लाख गोटामा सीमित भएको मन्त्रालयको योजना तथा अनुगमन महाशाखा प्रमुख डा गृष्म न्यौपानेले जानकारी दिनुभयो। अण्डा उत्पादनमा एकै वर्षमा २८ दशमलब ७२ प्रतिशतले गिरावट आएको उहाँको भनाइ छ।

"दानाको मूल्यवृद्धि र चल्लाको उपलब्धतामा कमी आएका कारण अण्डाको उत्पादन घटेको हो", डा न्यौपानले भन्नुभयो, "गाईभैँसीमा फैलिएको लम्पी स्किनका रोगको प्रकोपका कारण दूध उत्पादनमा कमी आएको हो, यो रोग छिट्टै नियन्त्रणमा आउन नसके यसवर्ष पनि दूध उत्पादनमा असर गर्न सक्छ।" उक्त रोग नियन्त्रणका लागि प्रदेश सरकार, स्थानीय तह र किसान आफैले पनि खोप अभियान सञ्चालन गरिरहेका छन्। उक्त रोगको सङ्क्रमणका कारण गण्डकी प्रदेशमा हालसम्म तीन हजार दुई सय ४७ गाईवस्तु मरेका छन् भने ३१ हजार तीन सय पाँच निको भएका छन्। ३८ हजार पाँच सय ३६ गाईभैँसी अहिले पनि सङ्क्रमित अवस्थामा छन्। गत आवमा अफ्रिकन स्वाइन फ्लुका कारण ठूलो सङ्ख्यामा बङ्गुर मरेका कारण पनि मासुजन्य उत्पादनमा ह्रास आएको डा न्यौपानले बताउनुभयो। "गत आवमा १८ हजार २० बङ्गुर मर्दा झण्डै रु २४ करोडको क्षति भएको हाम्रो अनुमान छ", उहाँले भन्नुभयो, "अहिले अफ्रिकन स्वाइल फ्लु नियन्त्रणमा आइसकेको छ।" उक्त रोगबाट प्रदेशभित्र २२ हजार ६६ बङ्गुर सङ्क्रित भएका थिए। संयक्त राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठनको मापदण्डअनुसार आवश्यकता र उत्पादनको अवस्थाका आधारमा भने गण्डकी प्रदेश पशुजन्य उत्पादनमा आत्मनिर्भर बनेको छ। मापदण्डअनुसार एक व्यक्तिलाई प्रतिवर्ष न्यूनतम ९१ लिटर दूध आवश्यक पर्नेमा आव २०७८/७९ मा एक सय १७ र गत आवमा एक सय १० लिटर दूध उपलब्ध भएको पाइएको छ। एक वर्षमा एक व्यक्तिलाई न्यूनतम १४ किलो मासु चाहिनेमा आव २०७८/७९ मा २६ किलो र गत आवमा २४ किलो उपलब्ध भएको मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ। वर्षमा एक व्यक्तिलाई न्यूनतम ४८ गोटा अण्डा आवश्यकता पर्नेमा आव २०७८/७९ मा एक सय ४३ र गत आवमा एक सय एक गोटा अण्डा उपलब्ध भएको भएको देखिन्छ। वर्षमा एक व्यक्तिलाई एक सय ५० लिटर दूध उपलब्ध गराउने प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको लक्ष्य भने अझै पूरा हुनसकेको छैन। मासु २० किलो र अण्डा ६० गोटा पुऱ्याउने उक्त योजनाको लक्ष्य भने पूरा भएको पाइएको छ।

# स्याङ्जामा एक वर्षभित्र २६३ उद्योग बन्द

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २३ साउन

स्याङ्जामा गएको आर्थिक वर्षमा २६३ व्यावसायिक फर्महरु बन्द भएका छन्।

पर्यटन तथा उद्योग कार्यालयका अनुसार जिल्लामा अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्ष २०७९/०८० मा धेरै व्यावसायिक फर्महरु बन्द भएका हुन्। २०७८/०७९ मा ८९ फर्महरु बन्द भएका थिए।

गत आर्थिक वर्षमा बन्द हुने फर्महरुमा कृषि तथा पशुपंक्षी तथा व्यापारीक फर्महरु बढि रहेका छन्। पछिल्लो समय फेन्सी तथा कष्मेटिक पसलहरु पनि बन्द हुने क्रम बढेको छ। आर्थिक मन्दीका कारणले फर्महरु बन्द भएको कार्यालयले जनाएको छ। गत आर्थिक वर्षमा जिल्लामा झण्डै ८ सय नयाँ उद्योग थपिएका छन्। यो संख्या अघिल्लो आर्थिक वर्षमा भन्द निकै कम हो। आर्थिक वर्ष २०७९/०८० मा उद्योग कार्यालयमा ७ सय ९८ उद्योग दर्ता भएका छन्। दर्ता हुनेमा उद्योग र वाणिज्य गरी दुई किसिमका उद्योगहरु रहेका छन्। उद्योग तर्फ पाँच सय २६ र वाणिज्यमा दुई सय ७२ उद्योग रहेका छन्। दर्ता भएका फर्महरुमा उद्योग तर्फ उत्पादनमुलक उद्योग २१, कृषि तथा पशुपंक्षी फर्म तीन सय ४९, पर्यटन तथा होटल रेष्टुरेन्ट ७५, सूचना प्रविधि एक र सेवामुलक ८० गरी पाँच २६ उद्योग गत आर्थिक वर्ष दर्ता भएका थिए। वाणिज्यतर्फ निजी दुई सय ६७, साझेदारी ३ र प्रा.लि. मा २ उद्योग दर्ता भएका छन्।

उद्योग दर्ताबाट कार्यालयले गत आर्थिक वर्षमा ५१ लाख ८६ हजार चार सय ९७ रुपैयाँ राजस्व संकलन गरेको कार्यालय प्रमुख ठाकुरप्रसाद ढकालले जानकारी दिए। अघिल्लो आर्थिक वर्षमा आठ सय ९४ उद्योग र छ सय ८४ वाणिज्य फर्महरु दर्ता भएका थिए। एक हजार ५७८ उद्योगहरु दर्ता हुँदा ७० लाख चार हजार ३४५ रुपैयाँ राजस्व संकलन भएको थियो। अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा उद्योग तथा फर्महरु दर्ता हुने क्रम तुलनात्मक रुपमा घटेका छन्। उद्योग दर्ता हुने क्रम घट्नुमा आर्थिक तरलता, युवाहरु बैदेशिक रोजगारीमा आर्कषित हुनु मुख्य कारण रहेको कार्यालयले जनाएको छ। "मुख्य गरी उद्योग दर्ता कम हुनुको कारण आर्थिक मन्दी नै हो।" प्रमुख ढकालले भने, "आर्थिक मन्दीका कारण देशभरी नै फर्म बन्द गर्नेको संख्या बढी छ भने नयाँ फर्म तथा व्यवसाय गर्ने घटेका छन्।" आर्थिक मन्दीका कारण जिल्लामा फर्म बन्द हुन क्रम समेत बढेको ढकालले बताए। उद्योग व्यवसाय धरासयी बन्दै जाँदा प्रदेश सरकारले राहतको प्याकेजका कार्यक्रमहरु ल्याएमा राहत हुने कार्यालय प्रमुख ढकालको भनाई छ। आर्थिक मन्दीका कारण व्यापार घाटा सहनु भन्दा फर्म नै बन्द गर्न थालेको उनको बुझाई छ।

# पार्टी...

(जिफन्ट) गण्डकीका अध्यक्ष रुद्र खत्री, प्रेस चौतारी गण्डकीका अध्यक्ष इन्द्र प्रसाद पौडेल, अनेमसंघ गण्डकीका अध्यक्ष हिरा गिरी, प्रोग्रेसिभ इन्जिनियर्स एसोसिएसनका अध्यक्ष सुरेश तिमिल्सिना, अखिल नेपाल किसान महासंघका अध्यक्ष गोबर्धन गौली, राष्ट्रिय जनसान्स्कृतिक महासंघका

इन्चार्ज मन कुमार श्रेष्ठ, नेपाल उत्पीडित जातिय मुक्ति समाजका अध्यक्ष निर्मल दियाली, अनेरास्ववियुका अध्यक्ष आरके पोखेल, युबा संघका नेपालका संयोजक बिकास अधिकारी, भूतपूर्व सैनिक संगठन अध्यक्ष शेर बहादुर जि .सि., नेपाल लोकतान्त्रिक आदिबासी जनजाति महा संघका अध्यक्ष सुजन लामा, बुद्धिजीवी परिषदका अध्यक्ष चन्द्र बहादुर थापा, पेशागत महासंघ गण्डकीका इन्चार्ज आर पि खनाल लगायतले आ आफ्नो संगठनका गतिविधि र भाबी योजना सहितको साङठनिक प्रतिबेदन पेश गरेका थिए। ने.क.पा.( एमाले) गण्डकी प्रदेश कमिटीका जनसंगठन बिभाग प्रमुख तथा एमाले गण्डकीका उपाध्यक्ष मोहन रेग्मीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन उप- सचिब मन्जु अधिकारीले गर्नु भएको प्रचार तथा प्रकाशन बिभाग सदस्य रामजी प्रसाद लम्सालले जानकारी दिए।

# पोखरामा...

आँशु आउने, उज्यालो हेर्न कठिन हुने, बझाउने लगायतका समस्या देखिएको डा.श्रेष्ठले बताउनु भयो। उपचारमा ध्यान नदिएको खण्डमा आँखाको कालोनानीमा असर गरी धमिलो हुने समस्या आउन सक्ने प्रा.डा.महर्जनले दाबी गर्नु भएको छ।

यस्तो अबस्थामा सकभर घरमै आराम गरी हात मुख राम्रोसंग सावुन पानीले धुन, जथाभावी औषधिको प्रयोग नगर्न र आँखा नमिच्न चिकित्सकले सुझाव दिनु भएको छ। डाक्टरका अनुसार हरेक बर्खायाममा आँखा पाक्ने समस्या देखिन्छ। यसपालि भने धेरै ठाउँमा प्रकोपको रुपमा नै सङ्क्रमण फैलिरहेको छ।

# लम्पी स्किनका एक लाख बढी गाईभैँसीलाई खोप

**पोखरापत्र संवाददाता**
गण्डकी, २३ साउन

गण्डकी प्रदेशका एक लाख तीन हजार दुई सय ३० गाईभैँसीमा लम्पी स्किन रोगविरुद्धको खोप लगाइएको छ। गाईभैँसीमा फैलिएको उक्त रोगले प्रकोपको रूप लिएपछि खोप अभियान सञ्चालन गरिएको हो।

यहाँ कुल आठ लाख ५४ हजार नौ सय २५ गाईभैँसी रहेकामा हालसम्म १२ दसमलव ०७ प्रतिशत गाईभैँसीलाई मात्र उक्त खोप दिइएको कृषि तथा भूमि व्यवस्था मन्त्रालयको योजना तथा अनुगमन महाशाखा प्रमुख डा गृष्म न्यौपानेले जानकारी दिनुभयो।


प्रदेशका ११ वटै जिल्लामा लम्पी स्किनको सङ्क्रमण देखिएपछि गत आवको अन्तिममा प्रदेश सरकारले बजेट रकमान्तर गरेर खोपका लागि रु एक करोड बजेट छुट्याएको थियो। जिल्लास्थित भेटेरेनरी अस्पताल तथा पशुविज्ञ केन्द्रमार्फत ५१ हजार चार सय, स्थानीय तहबाट ४६ हजार सात सय दुई र किसानले आफ्नै खर्चमा पाँच हजार एक सय २८ डोज खोप लगाएको मन्त्रालयले जनाएको छ। महाशाखा प्रमुख डा न्यौपानेका अनुसार गण्डकीमा हालसम्म ६९ हजार आठ सय ४१ गाईवस्तु लम्पी स्किनबाट सङ्क्रमित भएका छन्। प्रदेशका ८५ स्थानीय तहमध्ये ८२ स्थानीय तहका पशुचौपायामा सो रोगको सङ्क्रमण देखिएको छ। मुस्ताङको लोमान्थाङ, लो-घेकर दामोदरकुण्ड र मनाङको मार्फाभूमि गाउँपालिकामा अहिलेसम्म उक्त रोगको सङ्क्रमण देखिएको छैन।

सो रोग लागेर हालसम्म तीन हजार दुई सय ४७ गाईवस्तुको मृत्यु भएको छ भने ३१ हजार तीन सय पाँच निको भएका छन्। ३८ हजार पाँच सय ३६ गाईभैँसी अहिले पनि सङ्क्रमित अवस्थामा छन्। महाशाखा प्रमुख डा न्यौपानेले मनाङ र मुस्ताङ जिल्लामा भने उक्त रोग नियन्त्रणमा आएको बताउनुभयो। प्रदेशका बाँकी नौ जिल्लामा पनि सङ्क्रमणदर घट्दै गएको उहाँको भनाइ छ। "जिल्लामा रहेका भेटेरेनरी अस्पताल तथा पशुविज्ञ केन्द्रमार्फत खोप अभियान सञ्चालन भइरहेको छ, सङ्क्रमित पुश भेटिए तुरुन्त औषधोपचार गर्ने गरिएको छ", महाशाखा प्रमुख डा न्यौपानले भन्नुभयो, "प्रकोप रोकथाम तथा नियन्त्रणका लागि जनस्तरमा सचेतना अभिवृद्धिका कार्यक्रम पनि सञ्चालन भइरहेको छ।" सङ्क्रमित गाईभैँसीको ओसार पसार नै यो रोग फैलिनुको मुख्य कारण रहेको पशु चिकित्सक बताउँछन्। चरिचरनमा लैजाँदा, एउटै पोखरीको पानी खुवाउँदा, साझा सुइँको प्रयोग, लामखुट्टे, किर्नाको टोकाइ आदिबाट 'लम्पी स्किन' गाईभैँसीमा सर्ने गरेको डा न्यौपानेले बताउनुभयो। लम्पी स्किन रोगको औषधि पत्ता नलागेका कारण खोप नै बढी प्रभावकारी हुने उहाँको भनाइ छ। 'लम्पी स्किन' रोग लाग्दा गाईभैँसीमा उच्च ज्वरो आउने, तौल घट्ने, छालामा गाँठागुँठी आउनेजस्ता लक्षण देखिने गरेको छ।

**कपालको उपचार**

**कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको।
» हिड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# आँखा रोगको उपचारमा ध्यान देऊ

गण्डकी प्रदेशकै एकमात्र आँखा अस्पतालमा आँखाका बिरामीको चाप बढेको छअस्पतालमा दैनिकजसो आउने बिरामीको संख्या सात सय भन्दा बढी छ । यसपटक आँखा पाक्ने रोग 'एडिनो भाइरस कन्जन्टिभाइटिस' पोखरामा धेरै फैलिएको मेडिकल निर्देशक डा.इलिया श्रेष्ठको भनाइ छ । अघिल्ला वर्षहरुमा यो रोगका कारण यति धेरै बिरामी आउँदैथे, यसपटक दैनिक करिब ७ सय जना बिरामी त आँखा पाक्ने रोगकै बिरामी रहेको अस्पतालको तथ्यांक छ ।

यो समस्या 'पोखरामात्र होइन, आसपासका जिल्लाहरुमा पनि एडिनो भाइरस कन्जन्टिभाइटिस तीव्र गतिमा फैलिइरहेको छाचिकित्सकका अनुसार , 'साना बाबुनानीलाई डोऱ्याउँदै अभिभावकहरु आत्तिँदै अस्पताल आउने क्रम तीव्र छ ।' यस्तै समस्य हेटौंडामा पनि छाबर्षा संगै आँखा पाक्ने रोगले धेरैलाई सताएको छादेशभरि देखिएको आँखा पाक्ने समस्याको लागि स्वास्थ्य मन्त्रालयले गम्भीरतापूर्वक लिनुपर्छ ।संबंधित पालिकाले मात्र उपचार गर्न गाह्रो पर्दछ ।

आँखा पाक्ने रोगले सबैभन्दा बढी प्रभावित बालबालिका छन् । आइतबार आएका ७०० मध्ये ३६० जना त बालबालिका थिए । मंगलबार बहिरंग सेवामा १ हजार ८० जनाले आँखा अस्पतालबाट सेवा लिए । त्यसमध्ये करिब ५ सय जना बिरामी डिनो भाइरस कन्जन्टिभाइटिसकै छन् । चिकित्सकका अनुसार बालबालिकामा यो रोग तीव्र गतिमा फैलिरहेको छ । आँखा दुख्ने, सुनिने, रातो हुने, घाममा आँखा खोल्न अप्ठ्यारो हुने, विहान उठ्दा कचेराले आँखा खोल्न गाह्रो हुने र आँसु खसिरहने समस्या पोखराका धेरैमा देखिएको छ ।

मनाङ, मुस्ताङलगायतका चिसो ठाउँबाट पनि यस्ता समस्या लिएर बिरामीहरु उपचारका लागि अस्पताल आइरहेका छन । विशेषगरी बालबालिकाले आफ्नो सुरक्षा आफैं गर्न नसक्ने भएका कारण पनि छिटो फैलिइरहेको चिकित्सकको भनाइ छ । 'यो हावाबाट सर्दैन । हाम्रो आँखाको तरल पदार्थबाट भाइरस ट्रान्समिसन हुन्छ । हातमा संक्रमितको आँसु पऱ्यो भने त्यहाँबाट सर्छ । आँखा पाक्ने समस्या देखिएका बिरामीले प्रयोग गरेका साबुन, चस्मा, औषधि, रुमाललगायत अर्को व्यक्तिले प्रयोग गर्दा सजिलै सर्ने चिकित्सकको भनाइ छ ।

चिकित्सकका अनुसार यो रोग निको हुन ३ हप्तासम्म लाग्न सक्छ । तर, अर्कोलाई सर्न नदिनका लागि सचेत हुनुपर्नेछ । वृद्धि हुँदै गएको संक्रमणको दर रोक्नका लागि बढी समस्या देखिएका जिल्लाका विद्यालय केही दिनलाई बन्द गर्नुपर्ने चिकित्सकको सुझाव छ । आँखा पाक्ने रोग 'एडिनो भाइरस कन्जन्टिभाइटिस'को संक्रमणले बालबालिकाहरुमा फैलिँदै गएपछि पोखराका सबै विद्यालय ३ दिन बन्द गरिने भएको छ । पोखरा महानगरले पालिकाले मंगलबार पोखराका संस्थागत तथा सामुदायिक विद्यालय बुधबारदेखि शुक्रबारसम्म बन्द गर्ने निर्णय गरेको छ ।

पोखराभित्र २४३ संस्थागत र २०३ विद्यालय सामुदायिक छन् । कास्कीका जिल्ला प्रशासन कार्यालय, पोखरा महानगर, निजी तथा सामुदायिक विद्यालय, यससँग सम्बन्धित संस्था अभिभावकसँगको छलफलपछि विद्यालय बन्द गर्ने निर्णय भएको छ । शुक्रबारसम्म विद्यालय बन्द गर्दा र भोलिपल्ट शनिबार पनि परेकाले ४ दिनसम्म हेर्ने र त्यति हुँदा पनि संक्रमण फैलिए फेरि अर्को निर्णय गर्ने अवस्थामा महानगरपालिका छ । सरकारले यसलाई हल्का रुपमा नलिई उपचार र सचेतना अभियान पनि चलाउनु आवश्यक छ ।


## तपाईंको आज

| | | | | | |
|---|---|---|---|---|---|
| मेष | : | शारीरिक झमेला | तुला | : | मन चञ्चल |
| वृष | : | ब्यापारमा लाभ | वृश्चिक | : | सहयोग मिल्नेछ |
| मिथुन | : | अप्रत्यसित लाभ | धनु | : | सत्कार मिल्नेछ |
| कर्कट | : | शत्रुको भय | मकर | : | सम्मान मिल्नेछ |
| सिंह | : | झमेला बड्ने | कुम्भ | : | आर्थिक समस्या |
| कन्या | : | कार्यमा सफलता | मीन | : | मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# मछिन्द्र क्लब एएफसी कपको दोस्रो चरणमा

**रासस**
काठमाडौं, २३ साउन

एसियाली फुटबल महासङ्घ (एएफसी) एएफसी कप फुटबल प्रतियोगितामा नेपालको मछिन्द्र क्लबले भुटानको पारो एफसी क्लबलाई पराजित गर्दै प्रतियोगितको दोस्रो चरणमा पुगेको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आज भएको खेलमा मछिन्द्र क्लब पारो एफसी क्लबलाई ३-२ गोलअन्तरले पराजित गर्दै प्रतियोगिताको दोस्रो चरणमा प्रवेश गरेको हो । सहिद स्मारक ए डिभिजन लिगको उपविजेता बनेको मछिन्द्रले एएफसी कप खेल्ने अवसर पाएको हो । लिगमा च्यापियन बनेको चर्च ब्वाइज क्लबसँग एएफसी क्लबको लाइसेन्स नहुँदा उपविजेता बनेको मछिन्द्रले मौका पाएको हो । खेलमा पहिलो अग्रता भने पारो एफसीले लियो । खेल सुरु भएको सातौँ मिनेटमा काजुओ होम्माले गोल गर्दै सुरुआती अग्रता दिलाए । पारो एफसीले गोल गरेको पाँच मिनेट पनि बित्न नपाउँदै मछिन्द्रले गोल फर्कायो । मछिन्द्रका खेलाडी विमल घर्तीमगरले खेलको १२ औँ मिनेटमा गोल गर्दै खेललाई एक-एक गोलको बराबरीमा ल्याए । एरिक विष्टको छोटो कर्नर पासमा आयुष घलानको सहयोगमा विमलले हेडरमार्फत सुन्दर गोल गरे । यसैगरी खेलको १५ औँ मिनेटमा आयुष घलानले नै गोल गर्दै मछिन्द्रको अग्रता दोब्बर बनाए । त्यसपछि खेलको ३९ औँ मिनेटमा विदेशी खेलाडी अफिज ओलावालेले गोल गर्दै मछिन्द्रको अग्रता तेब्बर बनाए । उनले ओमोलाजा करिमको पासमा गोल गरेका हुन । खेलको पहिलो हाफसम्म ३-१ गोलको अग्रता लिएको मछिन्द्रले खेलको दोस्रो हाफमा एक गोल खान पुग्यो । खेलको ७१औँ मिनेटमा पारो एफसीका इभान्स अशान्तेले एक गोल थपे । यस जितसँगै अब मछिन्द्रले एएफसी कपको दोस्रो चरणमा भारतको मोहन बगान क्लबसँग खेल्नेछ । उक्त खेल यही साउन ३१ गते हुनेछ । यस खेलको विजेताले बङ्गलादेशको ढाका अबहानी क्लब र माल्दिभ्सको क्लब इगल्स बीचको विजेतासँग आगामी भदौ ५ गते खेल्नेछ । मछिन्द्रले गत वर्ष पनि एएफसी कपको प्रारम्भिक चरण खेलेको थियो । जसमा मछिन्द्र श्रीलङ्कन क्लब ब्लु स्टारसँग घरेलु मैदानमै पराजित भएको थियो ।

# किटिनीमा चिया खेती

**रासस**
म्याग्दी, २३ साउन

म्याग्दीको मालिका गाउँपालिका-३ किटिनिमा चिया खेती गर्न थालिएको छ । मालिका गाउँपालिकाले जिल्लामै पहिलो पटक किटिनिमा चिया खेती सुरु गरेको हो ।

मालिका-३ का वडाध्यक्ष मोतिप्रसाद बुढाले करिब आठ रोपनी पाखोमा चार हजार आठ सय चियाका बिरुवा रोपिएको जानकारी दिनुभयो । "बाँझो पाखो खनजोत र मल हालेर चियाका बिरुवा रोपिएको हो," उहाँले भन्नुभयो "बाँझो जमिनको सदुपयोग, रोजगारी र आयआर्जनको अवसर सिर्जनाका साथै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले चिया बगान स्थापना गरिएको हो ।" कास्कीको माछापुच्छ्रे गाउँपालिका-८ को ल्वाङ गाउँबाट बिरुवा ल्याएर किटिनिमा रोपिएको हो । समुन्द्र सतहदेखि एक हजार ८०० मिटरको उचाइएमा रहेको डाडाँगाउँको हावापानी र भूगोल अनुकूल भएकाले चियाखेतीको परीक्षण गरिएको वडाध्यक्ष बुढाले बताउनुभयो ।

किटिनीकै जस्तो हावापानी, भूगोल र उचाइ भएको ल्वाङको चियाखेती सफल भएको छ । चियाखेतीका लागि मालिका गाउँपालिकाले गत आर्थिक वर्ष २०७९/८० मा रु पाँच लाख विनियोजन गरेको थियो । सो बजेटबाट बिरुवा, मल खरिद, तारबार र जग्गा खनजोत गरिएको छ । गोरक्ष आधारभूत र अमरज्योति माविको कक्षा ७ देखि १० सम्म अध्ययन गर्ने विद्यार्थीले प्रयोगात्मक अभ्यासका लागि चियाको बिरुवा रोप्न श्रमदान गरेका थिए । एक सयजना विद्यार्थीले दुई दिन चियाको बिरुवा रोप्ने काम गरेका थिए । वडा कार्यालय परिसरमा रहेको पाखोमा चियाको बगान तयार पार्न फुर्सदको समयमा जनप्रतिनिधि र कर्मचारीले पनि काम गर्नुभएको थियो । म्याग्दीमा हाल कुनै पनि ठाउँमा चिया खेती भएको छैन् । अन्नपूर्ण गाउँपालिकाको खिवाङमा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एकयाप)ले बीस वर्षअघि स्थापना गरेको चिया बगान संरक्षण र उपभोग अभावमा अस्तित्वमा छैन् । चिया खेती सफल भएमा निजी जग्गामा पनि विस्तार गर्ने योजना रहेको वडाध्यक्ष बुढाले बताउनुभयो । पहाडको शिरमा भिराखो पाखोमा अवस्थित किटिनीबाट धवलागिरि, अन्नपूर्ण, माछापुच्छ्रे, गुर्जा हिमाल, पहाडी भूगोल, ग्रामीण बस्ती र सूर्योदयको अवलोकन गर्न सकिन्छ । चियाबारीको पृष्ठभूमिमा हिमालको अवलोकन गर्न पर्यटक भित्र्याउन सकिने सम्भावना छ । चिया बिक्री गरेर आयआर्जन र रोजगारीको अवसर सिर्जना हुने अपेक्षा गरिएको छ ।

# नारायणी नदीले सतर्कता तह पार गऱ्यो

**रासस**
नवलपुर, २३ साउन

नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को सिमाना हुँदै बग्ने नारायणी नदीले सतर्कता विन्दु पार गरेको छ । जल मापन केन्द्र देवघाटले जनाएअनुसार नदीले आज साँझ ७ बजे सतर्कता विन्दु पार गरेको हो ।

देवघाटको जलमापन केन्द्रका अनुसार अहिले नारायणी नदीमा सात दशमलव ३४ मिटर पानीको सतह रहेको छ । देवघाटमा सात दशमलव तीन मिटर पानीको सतह पुग्दा सतर्कता तह मानिन्छ । नदीमा यस वर्षकै उच्च पानीको सतह पुगेको मापन केन्द्रले जनाएको छ । नारायणी नदीको जल मापन केन्द्रमा पानीको सतह नौ मिटर पुगेपछि खतराको तह मानिन्छ । नदीमा पानीको सतह निरन्तर बढ्दै गएपछि जिल्लाको नदी तटीय क्षेत्रका बासिन्दालाई सुरक्षित रहन आग्रह गरिएको नवलपुरका प्रमुख जिल्ला अधिकारी कल्पना श्रेष्ठले बताउनुभयो ।

# बाल मन्दिर माविमा कार्यशाला

**पोखरापत्र संवाददाता**
पोखरा, २३ साउन

बाल मन्दिर मा. वि. पोखरा ०३ नदिपुर, को आयोजनामा एस.ई.ई. को तयारीमा रहेका कक्षा १० का विद्यार्थी भाईबहिनीहरुलाई लक्षित गरी 'डिजाईन दि फ्यूचर' बिषयक कार्यशाला सम्पन्न भएको छ ।

बरिष्ठ शिक्षासेवी, समाजिक व्याक्तिव एवं उत्प्रेरक लायन्स कल्बका पूर्व गर्भनर तथा नोभेल एकेडमीका संचालक सि.ई.ओ. विशेश्वर आचार्यले सहजिकरण गर्नु भएको सो कार्यशालाको अध्यक्षता वि.व्या.स. अध्यक्ष बसन्तलाल कतिला, स्वागत मन्तब्य एकेडेमीक डिन मदन थापा र संचालन अतिरिक्त क्रियाकलाप संयोजक तिलक बा. कार्कीले गर्नुभएको थियो ।

स्टेभिन सि कोवेका 'इफेक्टिभ सेभेन ह्याभिटस् अफ हाइली इफेक्टिभ पिपल'सँग सम्बन्धित पावर पोइन्ट प्रिजेन्टेसन मार्फत बिभिन्न सामाग्री सहित आफ्ना सफलताका कथामा आधारित रहि उहाँले प्रस्तुती दिनुभएको थियो । प्रश्न उत्तर सहित डायरी, पेन वितरण गदै उत्साहपुर्ण प्रस्तुति दिने क्रममा धैर्यता, निरन्तरता, लगनशिलता, विनयशिलता, अनुशासन र सहयोगी भावनाले सुनौलो भविष्यको सफलताको यात्रा सुनिश्चीत गर्न सकीने धारणा राख्नुभएको थियो ।

विद्यार्थी भाईबहिनीहरुको मनोबिज्ञानसँग सम्बन्धित रहेर दिईएको प्रस्तुतिकरणले पक्कै पनि विद्यार्थीहरुमा सकारात्मक प्रभाब पार्ने विचार प्र.अ. सुशील बस्नेतले राख्नुभएको सो कार्यशालाको संयोजन वि.व्या.स.सदस्य प्रकाश अर्याल र मदन थापाले गर्नु भएको थियो । कार्यशालालाई हौसला प्रदान गर्नुहुन पोखरा महानगरपालिका वडा नं. ३ का वडा अध्यक्ष प्रकाशमान उदास आफै कार्यशालामा उपस्थित हुनुभएको थियो ।

# धवलागिरि अस्पतालमा 'सिटीस्क्यान' सेवा सुरु हुँदै

**पोखरापत्र संवाददाता**
म्याग्दी, २३ साउन

धवलागिरि अस्पताल बागलुङमा सिटीस्क्यान सेवाका लागि आवश्यक उपकरण भित्रिएको छ । पोखरा बाहिर पहिलोपटक धवलागिरि अस्पतालमा सिटीस्क्यान उपकरण भित्रिएको हो । यो सेवाले धवलागिरिको मुस्ताङ, म्याग्दी, बागलुङ र पर्वतका बिरामीलाई सहज हुने छ ।

गण्डकी प्रदेश सरकारले धवलागिरि अस्पतालमा सिटीस्क्यान सेवाका लागि आर्थिक वर्ष २०७९/०८० मा रु १० करोड बजेट विनियोजन गरेको थियो । धवलागिरि अस्पतालले 'ग्लोबल टेन्डर'मार्फत खरिद गरेको सिटीस्क्यान उपकरण अस्पतालमा आइपुगेको छ । विशेषज्ञ सेवाबाट विशिष्टिकृत सेवा प्रदान गर्ने उद्देश्यले सिटीस्क्यान सेवा थप गर्न थालिएको धवलागिरि अस्पताल बागलुङले जनाएको छ । अस्पतालमा अहिले १८ विशेषज्ञ चिकित्सकद्वारा विभिन्न विभागीयरुपमै विशेषज्ञ सेवा प्रदान गर्दै आइरहेका छन् । अस्पताललाई स्तरोन्नति गरी गण्डकी प्रदेश सरकारले दुई सय शय्याको उप-प्रादेशिक अस्पताल बनाउने योजनाअन्तर्गत उपकरण थप गरेको हो । पछिल्लो समय धवलागिरि अस्पतालले दैनिक चार सयदेखि पाँच सय बिरामीलाई ओपिडी सेवा प्रदान गर्दै आएकामा सिटीस्क्यान गर्न र जटिल प्रकारका समस्यालाई मात्र पोखरा सिफारिस गर्नुपर्ने अवस्थामा सिटीस्क्यान सेवा सुरु भएपछि सिफारिस दर अझै घटेर जाने अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा रविरन्जन प्रधानले जानकारी दिनुभयो । "गण्डकी प्रदेश बाहिरको सरकारी अस्पतालमा पहिलो सिटीस्क्यान सेवा प्रदान गर्ने अवस्थामा पुगेका छौँ, सिटीस्क्यान उपकरण भित्रिएको छ, अस्पतालले ग्लोबल टेन्डरमार्फत चीनबाट उपकरण भित्र्याएको हो", उहाँले भन्नुभयो, "अब सिटीस्क्यान गर्न पोखरा, काठमाडौँ जानु पर्दैन, एक महिनाभित्रै सिटीस्क्यान सेवा प्रदान गर्ने लक्ष्यअनुसार आवश्यक काममा लागेका छौँ ।" अहिले उपकरण जडानकार्यको आवश्यक तयारी भइरहेको छ । प्रमुख डा प्रधानका अनुसार अस्पतालमा भइरहेको जनशक्तिलाई तालिम प्रदान गरेर सेवा सञ्चालन गर्ने बताउँदै आवश्यक जनशक्तिको व्यवस्थापनका लागि गण्डकी प्रदेशको स्वास्थ्य मन्त्रालयसँग समन्वय गरिरहेको छ । अस्पतालमै रेडियोलोजिस्ट भएकाले सेवा सञ्चालनमा समस्या नहुने उहाँको भनाइ छ ।

लामो समयको प्रयासपछि गण्डकी प्रदेश सरकारले गण्डकी प्रदेश राजधानी बाहिर सिटीस्क्यान राख्न सफल भएको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव डा विनोदविन्दु शर्माले जानकारी दिनुभयो । अठार विशेषज्ञ र ११औं तहका तीन चिकित्सक भएको र रेडियोलोजिस्ट विशेषज्ञ चिकित्सक भएको अस्पतालमा सिटीस्क्यान सेवा हुनु भनेको धवलागिरिवासीका लागि सुखद् कुरा भएको शर्माको भनाइ छ । अठार विशेषज्ञ, १० मेडिकल अधिकृतबाट विशेषज्ञ सेवा प्रदान गर्दै आएको अस्पतालले चिकित्सक थपिँदा अस्पतालमा उपचारका लागि आउने नागकिलाई पोखरा धाउनुपर्ने बाध्यताको अन्त्य गर्न सहज भइरहेको छ । तेइस जनाको दरबन्दी रहेको अस्पतालमा दरबन्दी र छात्रवृत्तिका १८ विशेषज्ञ र १० मेडिकल अधिकृत गरी २८ चिकित्सक कार्यरत रहेको अस्पतालका प्रशासकीय अधिकृत तेजप्रसाद न्यूरेले जानकारी दिनुभयो । अस्पतालमा आकस्मिक, प्रसूति, ओपिडीलगायत २४ वटा विभाग पूर्णरूपमा सञ्चालनमा आएको प्रमुख डा प्रधानले जानकारी दिनुभयो । अस्पतालमा अहिले आइसीयू र एनआइसीयूजस्ता महत्त्वपूर्ण सेवासमेत प्रदान भइरहेको छ ।

# टल्कने ढुङ्गा परीक्षण गर्न भूगर्भविद्को टोली गोरखामा

**पोखरापत्र संवाददाता**
गोरखा, २३ साउन

गोरखा नगरपालिका-७, सतिपिपलस्थित एक घरबाट बरामद् गरी जिल्ला प्रहरी कार्यालय गोरखामा विशेष सुरक्षासहित राखिएको टल्कने ढुङ्गा परीक्षणका लागि खानी तथा भूगर्भ विभागको भूगर्भविद् सहितको टोली गोरखा आइपुगेको छ ।

स्थानीयसहित विभिन्न सङ्घ संस्थाले बरामद् गरेको उक्त टल्कने ढुङ्गा अन्यत्र नपठाउन अनुरोध गरेपछि ढुङ्गा परीक्षणका लागि भूगर्भविद् सहितको टोली गोरखामै झिकाइएको हो । टल्कने ढुङ्गा परीक्षणका लागि जियोलोजिष्ट डा सुस्मिता भण्डारी र दुर्गा बोलाखे सोमबार गोरखा आइपुग्नुभएको गोरखाका साहायक प्रमुख जिल्ला अधिकारी पुस्कर रानाले जानकारी दिनुभयो । "ढुङ्गा बरामद गरेलगत्तै परीक्षणका लागि विज्ञ टोली पठाइदिन जिल्ला प्रशासन कार्यालयले भूगर्भ विभागलाई आग्रह गर्दै पत्राचार गरेको थियो", उहाँले भन्नुभयो, "विभागले परीक्षण गर्न समस्या हुने भएकाले विभागमै ल्याउन भनेपनि लैजान समस्या भएपछि पुनः पत्राचार गरी विज्ञहरूको टोली जिल्लामै झिकाइएको हो ।"

विभागले आवश्यक उपकरण सहितको विज्ञहरूको टोली पठाएको उहाँले बताउनुभयो । बरामद गरिएको टल्कने ढुङ्गाको तौल ५४ केजी छ । एकातिरबाट लाइट बाल्दाभित्रैबाट अर्कोतिर उज्यालो बारपार हुने उक्त ढुङ्गा पूर्ख्यौली सम्पत्तिका रूपमा घरमै राखिएको पाइएको थियो ।

प्रहरीले बरामद् गरेलगत्तै पनि भूगर्भविद्लाई भिडियो कल गरेर देखाउँदा विज्ञहरूले उक्त टल्कने ढुङ्गा 'क्वार्ज क्रिष्टल' भएको हुनसक्न बताएका थिए । 'क्वार्ज क्रिष्टल' भए पनि कुन गुणस्तरको भन्ने कुराको परीक्षण गर्न विज्ञसहितको टोली नै गोरखा आएको जिल्ला प्रहरी कार्यालय गोरखाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

टल्कने ढुङ्गा वर्षौंदेखि घरमा पूजा गर्दै आएको पाइएपछि उक्त ढुङ्गा गोरखकाली मन्दिर या गोरखनाथ मन्दिर परिसरमा राख्न गोरखाका विभिन्न सङ्घ संस्थाले माग गर्दै आएका छन् । टल्कने ढुङ्गा ऐतिहासिक महत्वको भएको हुनसक्ने भन्दै उक्त शिला गोरखा दरबार परिसरमा प्रणप्रतिष्ठा गरी व्यवस्थापन गर्नुपर्नेमा सङ्घ संस्थाको जोड छ ।

पूजाआजा र धर्मकर्ममा प्रयोग गरिरहेको अलौकिक प्रकारको बल्ने शीला कुनै पनि बहानामा गोरखा जिल्ला बाहिर नपठाइ मूलधनीको ईच्छाअनुसार गोरखकाली र गोरखनाथको पवित्र भूमिमा राख्नुपर्ने माग स्थानीयको छ ।

# बुहारीहरूको चाहना यसपालिको तीजमा पोतेका गहना

-जमुना शर्मा
पोखरा, २३ साउन (रासस)

तीज नजिकिँदै छ । सामाजिक सञ्जाललगायत सञ्चारमाध्यममा महिला लक्षित गरगहना तथा कपडाका विज्ञापन सुरु भइसकेका छन् । तीज गीतका भिडियो पनि युट्युबमा अपलोड हुने क्रम जारी छ । यसैबीच पोखराका बुहारीहरू भने आफ्नै हातबाट बनाइएका पोतेका विभिन्न थरीका गरगहना लगाएर तीज मनाउने तयारीमा छन् ।

बुहारी सशक्तिकरण समाज नामक संस्थामार्फत गोलबद्ध भएका बुहारीहरूले तीजमा आयातित चुरापोतेमा हुने अत्यधिक खर्च कम गर्दै आफ्नै सीपबाट निर्मित चुरापोते औँठीलगायत गरगहनामा सजिएर यो वर्षको तीज मनाउने योजना बनाएका हुन् ।

घारिपाटनकी पुष्पा शर्माले यस वर्षको तीजमा सुनका गरगहना नभई पोतेबाट बनाइएका गरगहनामा सजिएर नाच्ने र गाउने योजना बनाएको सुनाउनुभयो । "पोतेबाट बनाइएका सेट गहना मलाई निकै मन पर्छ, बल्ल तालिम लिने अवसर मिल्यो यसपालिको तीजमा आफ्नै हातले बनाएका पोतेका नमुनामा सजिने योजना बनाएकी छु", उहाँले एक दिनको गहना बनाउने तालिमले पोतेका विभिन्न थरीका गहना बनाउन सिकेको बताउनुभयो । "मलाई त निकै आत्मविश्वास बढेको छ, सस्तोमा कच्चापदार्थ किनेर फुर्सदको समयमा पोतेका विभिन्न गहना तयार गर्न सकिने, आफूलाई पनि हुने र साथीभाइ उपहार दिन वा बेच्न पनि सकिन्छ," शर्माले भन्नुभयो ।

अर्की सहभागी कालिका चापागाइँले पनि यस वर्षको तीजमा रातो साडीमा आफ्नै हातले तयार गरेका पोतेका माला, औँठी, टप र चुराको सेट लगाएर साथीसँगीसँग रमाइलो गर्ने बताउनुभयो । तीज महिलाको विशेष पर्व हो, यसलाई भड्किलोरहित बनाउन पोतेका गहना सेट बनाएर लगाउँदा झनै राम्रो देखिन्छ, हराउँछ कि भन्ने त्रास पनि नहुने र खुलेर रमाइलो गर्न पनि पाइन्छ । उहाँले गहना प्रदर्शनको अस्वस्थ प्रतिस्पर्धामा उत्रिनुभन्दा पोतेका विभिन्न गहनाका सेट बनाएर लगाउँदा धेरै राम्रो हुने उल्लेख गर्नुभयो ।

तालिममा सहभागी सदस्य सुनिता खत्रीले एक दिनको तालिमले आफूमा सिर्जनात्मक सीप विकास भएको बताउनुभयो । "तालिम एक दिनमात्र भयो तर धेरै ज्ञान लिन सक्यौँ, अब सिकेको सीपलाई व्यवहारमा उतार्न सके आत्मनिर्भर हुन सकिने रहेछ भन्ने आत्मविश्वास जागेको छ," उहाँले भन्नुभयो, "यो तीजमा पोतेका सामग्री तयार गरेर आफू पनि लगाउँछु र साथीभाइलाई बेच्ने योजना पनि बनाएकी छु ।" सदस्य खत्रीले यो सीपलाई आत्मनिर्भर हुने माध्यम बनाइउने जानकारी दिनुभयो । संस्थाकी महासचिव सृष्टि भट्टराईले तीजको समयमा दिदीबहिनीहरूले बढी शृङ्गार मन पराउने र चुरापोतेलगायत गहनाका सेट सामग्रीमा धेरै खर्च हुने भएकाले एक दिन भए पनि गहना बनाउने तालिम प्रदान गरिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "तीज नजिकिँदै छ, हाम्रो धेरै पैसा यस्ता गहनाहरूमा जान्छ तसर्थ हाम्रै समूहका एकजना सदस्य साथीसँग भएको सीपलाई सदुपयोग गरेर अरू सदस्यका लागि तालिम प्रदान गरेका हौँ ।"

महासचिव भट्टराईले महानगरका विभिन्न वडामा यस्ता तालिम निःशुल्क सञ्चालित भए पनि सबैले त्यो अवसर पाउन नसकेका कारण आफ्नै खर्चमा तालिम आयोजना गरिएको जानकारी दिनुभयो । "हामीले आफैँ पैसा उठाएर यो तालिम सञ्चालन गरेका हौँ, वडामा जाने प्रक्रिया झन्झटिलो र समय लाग्ने भएकाले आफ्ना लागि आफैँ खर्च गरेर भए पनि सीप सिक्नुपर्छ भन्ने सोचले सुरुआत गर्‍यौँ, अन्य तालिमलाई पनि निरन्तरता दिन्छौँ ।" उहाँले एक सदस्यबाट कच्चापदार्थ किन्न रु एक हजार सङ्कलन गरिएको जानकारी दिनुभयो । आधारभूत सीपपश्चात् एडभान्स तहको सीपका लागि युट्युब हेरेर पनि जान्न सकिने उहाँको भनाइ थियो । तालिमका प्रशिक्षक एवम् संस्थाका सदस्य गीता जमकट्टेल पौडेलले आफूले केही वर्षअघि सिकेको सीपलाई आज बुहारी ग्रुपका साथीहरूलाई सिकाउन पाउँदा निकै खुसी लागेको बताउनुभयो । उहाँले हातमा सीप हुँदा आफ्ना लागि पनि हुने र आगामी दिनमा गहना तयार गरेर आत्मनिर्भर हुन पनि सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । प्रशिक्षक पौडेलले मेहनतमा जोड दिन सके निकै आकर्षक र बजारको मागअनुसारको डिजाइनमा गहना तयार गर्न सकिने बताउनुभयो । "एकदुईसयको कच्चापदार्थले पनि रु एक हजार वा रु पाँच सयसम्मको सामग्री तयार गर्न सकिन्छ । जति नयाँ डिजाइनका लागि मेहनत गर्न सक्यो उति नै बढी मूल्यका गहना तयार हुनाका साथै यो सीपलाई व्यावसायिकीकरण गर्न सके धेरै दिदीबहिनीले रोजगार पाउने र चुरापोतेका लागि विदेशिन धेरै रकम रोक्न सकिन्छ" उहाँले भन्नुभयो ।

उक्त संस्थाका अध्यक्ष निर्मला केसी (निरु) ले बुहारी सशक्तिकरण समाज स्थापनाको छोटो समयमै धेरै कार्यक्रम गर्न सफल भइएको बताउनुभयो । "अहिले तीजलाई लक्ष्य गरेर पहिलो चरणमा आफ्नै खर्चबाट एक दिनको गहना बनाउने तालिम गर्‍यौँ र आवश्यता हेरेर थप सीपमुलुक तालिम प्रदान गर्दै जानेछौँ", उहाँले भन्नुभयो, "बुहारीहरूले भोग्नु परेका समस्या समाधानका लागि सहजीकरण गर्ने साथै आत्मनिर्भर बनाउन आवश्यकता अनुसारको तालिमहरू प्रदान गर्दै सामाजिक क्षेत्रमा स्थापित गर्ने उद्देश्यले यो समाज स्थापना भएको हो । हिंसा विरुद्धको अभियानसँगै जोसँग जे सीप, ज्ञान वा क्षमता छ त्यो अरूलाई पनि शेयर गरेर एकअर्का बीचको सम्बन्धलाई मजबुत बनाउने उद्देश्य पनि संस्थाको रहेको छ ।"

अध्यक्ष केसीका अनुसार समूहमा अहिले करिब एक सय सदस्य छन् । सदस्यको चाहनाअनुसार पहिलो चरणमा २५ जनालाई गहना बनाउने तालिम प्रदान गरिएको हो । यसपछि अन्य सदस्यहरूका लागि सेल्फ मेकअप क्लास, नेतृत्व विकास र आवश्यकता अनुसारको सीपमूलक तालिम दिँदै जाने छौँ ।

# स्याङ्जामा आँखा पाक्ने रोगले बालबालिका प्रभावित

श्रीकृष्ण सिग्देल
स्याङ्जा, २३ साउन



अहिले स्याङ्जामा आँखा पाक्ने रोगको संक्रमण दिनहुँ बढ्दो रुपमा जान थालेको छ । एकसाता अगाडी स्वास्थ्य केन्द्रमा दैनिक १० जनामा देखिदै आएको संक्रमण अहिले दैनिक झण्डै १ सयभन्दा बढीमा देखिन थालेको हो । जिल्ला आँखा उपचार केन्द्र वालिङको तथ्याङ्क हेर्ने हो भने आँखा पाक्ने रोगका कारण अधिकांश बालबालिका धेरै रहेका छन् । दुइतिन देखि दैनिक ६० भन्दा माथी आँखाको समस्या लिएर आउने बिरामी रहेको केन्द्रले जनाएको छ ।

जिल्लाका सबै स्वास्थ्य केन्द्र र नीजि क्लिनिकमा आँखाको उपचार गर्न आउने बिरामीहरुको भिड लाग्ने गरेको स्वास्थ्य कार्यालय स्याङ्जाले जनाएको छ । देशभर यो समस्या देखिएको र स्याङ्जामा पनि यो समस्या विकराल बन्ने अवस्था आउन सक्ने भएकाले सबै सचेत बन्न आग्रह गरेको स्वास्थ्य कार्यालयले जानकारी दिएको छ । जिल्ला आँखा उपचार केन्द्र वालिङका प्रमुख तेज गुरुङले आँखाको पाक्ने समस्या लिएर दैनिक ६० देखि ६५ जना बिरामी केन्द्रमा आउने गरेको जानकारी दिए । आँखाको समस्या लिएर आउने अधिकांश बिरामी वालवालिका रहेको उनले बताए । यस्तै जिल्ला अस्पतालमा रहेको आँखा उपचार कक्षमा पनि दैनिक आँखा पाकेर आउने बिरामीको संख्या धेरै रहेको बताइएको छ । यस्तै चापाकोट नगर अस्पतालमा रहेको आँखा उपचार कक्षमा पनि बिरामीको समस्या दैनिक बढिरहेका नगर स्वास्थ्य शाखाले जनाएको छ । स्वास्थ्य शाखा प्रमुख बिन्दु कोइरालाका अनुसार अस्पतालमा आउने बिरामीहरुमा आधा आँखाको समस्या लिएर आउने गरेको बताए । अस्पतालमा दैनिक ३० भन्दा धेरै बिरामी आँखाको समस्या लिएर आउने गरेका कोइरालाको भनाई छ ।

आँखा पाक्ने समस्याको उपचारका लागि विद्यालयमा अध्ययनरत बालबालिका, युवा तथा प्रौढहरू बढी आउने गरेको स्वाथ्यकर्मीको भनाई छ ।

भिडभाड हुने स्थानबाट भाइरसको सङ्क्रमण छिटो फैलिने भएकाले ज्येष्ठ नागरिकभन्दा बालबालिका, युवा तथा प्रौढ समूहमा सङ्क्रमण बढी देखिएको स्वास्थ्यकर्मीहरुले बताएका छन् । सङ्क्रमण हुँदा आँखा रातो हुने, चिलाउने, आँसु बगिरहने, कचेरा आउने, परेला सुन्निने, आँखा बिझाउने, दुख्ने, उज्यालोमा हेर्न गाह्रो हुने, दृष्टि धमिलो हुनेजस्ता लक्षण देखिने जिल्ला आँखा उपचार केन्द्र वालिङका प्रमुख गुरुङले बताए । 'एडिनो भाइरस' सङ्क्रमण निश्चित समयसम्म रहने भए पनि केहीलाई भने जटिल बनेर आँखाको नानीमा समेत असर गर्न सक्ने भएकाले लक्षण देखिएमा तुरुन्त आँखा अस्पतालमा परीक्षण गराउन गुरुङले अनुरोध गरेका छन् । यो भाइरस रुघाखोकी जस्तै लक्षण हो उनले भने,'यसलाई हल्का किसिमले लिन हुदैन, समयमै स्वास्थ्य केन्द्रमा पुगेर उपचार गर्नुपर्छ ।' आँखा संवेदनशिल अंग भएकाले भाइरसबाट जोगाउन सचेत हुनु आवश्यक छ उनले भने । रोगबाट बच्न आँखाबाट निस्किने आँसु, चिप्रा लाग्ने हुँदा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा हात वा अन्य कुनै माध्यमले आँखामा पुग्दा सङ्क्रमण सर्नसक्ने भएकाले सङ्क्रमित व्यक्ति वा घरबाहिर गएर फर्केका स्वस्थ व्यक्तिले हात नियमित रूपमा साबुनपानीले हात धुन स्वास्थ्यकर्मीको सुझाव छ ।

बिरामीको आँखालाई सिधा आँखाले नहेर्न, सङ्क्रमण भएका बेला तौलिया, रुमाल, लुगाफाटो, मेकअपका सामान अरूलाई प्रयोग गर्न नदिन, सरसफाइमा ख्याल गर्न चिकित्सकहरुको सुझाव छ ।

बालबालिकामा सबै भन्दा बढी संक्रमण देखिएपनि पालिकाहरुले यसको न्युकिरणमा भने चासो देखाएको पाइएको छैन । जसले विद्यार्थी बालबालिका सबैभन्दा बढी प्रभावित भएका छन् । दैनिक आँखाका रोगी बढेसगै औषधिको समेत अभाव हुने देखिएको छ ।

# कागतीको बजार खोजी गर्दै ज्ञान केन्द्र

पोखरापत्र संवाददाता
दमौली, २३ साउन

तनहुँ जिल्लामा उत्पादित कागतीको बजारीकरणका लागि कृषि ज्ञान केन्द्रले पहल थालेको छ ।

जिल्लामा उत्पादित कागतीले बजार नपाएको बारेमा राष्ट्रिय समाचार समिति (रासस)बाट यही साउन २१ गते समाचार प्रकाशित भएपछि ज्ञान केन्द्रले बजारीकरणका लागि पहल थालेको हो । कागती बिक्री नहुँदा कृषक समस्यामा परेपछि ज्ञान केन्द्रले बजारको खोजीमा सहजीकरण गरेको हो । केन्द्र प्रमुख कुलप्रसाद तिवारीले आफ्नो नेतृत्वमा कालिमाटी तरकारी तथा फलफूल बजार समितिका कार्यकारी निर्देशक र कागतीका मुख्य व्यवसायीसँग यसबारेमा छलफल गरेको जानकारी दिनुभयो ।

उहाँले फलफूल समितिको कार्यकारी निर्देशक डिपी पुडासैनी र व्यवसायी हरिप्रसाद शर्मासँग तनहुँमा उत्पादित कागती बिक्री वितरणको व्यवस्था मिलाउन आग्रह गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "कागतीले बजार नपाएपछि किसान समस्यामा परेकाले बजारको सहजीकरणको पहल गरेका हौँ । छलफल सकारात्मक भएको छ ।" छलफलका क्रममा गुणस्तरीय कागती उत्पादन हुनसके फलफूल बजारले कागती खरिद गर्ने विषयमा सहमतिसमेत भएको छ । समितिको कार्यकारी निर्देशक पुडासैनीले यहाँ दैनिक १५ हजार कागतीको माग रहेको र अधिकांश कागती भारतबाट आउने गरेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "९५ प्रतिशत भारतीय कागती आउँछ, नेपाली कागती आउन सके किसानले राम्रो मूल्य पाउन सक्छन् ।"

कागतीका मुख्य व्यवसायी शर्माका अनुसार कालिमाटी तरकारी बजारमा किसानले कागती बिक्री गर्दा प्रतिकिलो रु एक सयदेखि रु एक सय २० प्राप्त गर्न सक्नेछन् । उहाँका अनुसार टिपेको चार/पाँच दिनसम्म ल्याउँदा मूल्य राम्रो पाउने र त्यसपछि ल्याएको कागतीको गुणस्तर कम हुने भएकाले मूल्यमा समस्या हुने गरेको छ । देवघाट देवघाट गाउँपालिका–२ बिरौटा खाल्टेका मनिष मल्ल ठकुरीले उत्पादन भएका कागतीले बजार नपाएको गुनासो गर्नुभएको छ । विदेशबाट फर्किएर आएर खेती सुरु गर्नुभएका उहाँले कागती बिक्रीका लागि बजार खोज्दै हिँड्नुपर्ने अवस्था रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "स्वदेशमै केही गरौँ भन्ने भावनासहित यो पेसामा लागेको छु, बजार खोज्दै भौतारि नुपर्ने अवस्था आउँदा समस्या भइरहेको छ ।" पाँच वर्ष अगाडिदेखि कागतीखेती सुरु गर्नुभएका ठकुरीले पछिल्ला दुई वर्षयता कागती बिक्री गर्न थाल्नुभएको छ । गत वर्ष पहिलोपटक रु ७० हजारको कागती बिक्री भएको उहाँले बताउनुभयो । यो वर्ष सात सय केजी बिक्रीका लागि तयार भएका छन् । भारतबाट आउने कागतीका कारण स्थानीयस्तरमा उत्पादित कागतीले बजार नपाएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "स्वदेशमै केही गरौँ भन्ने लक्ष्यसहित लागेको छु, बजार नपाउँदा निराश भए पनि आँट मारिसकेको छैन ।"

कृषि ज्ञान केन्द्रका अनुसार जिल्लामा कागतीखेतीतर्फ कृषकको आकर्षण बढेको छ । केन्द्रले कागतीखेती कृषकलाई बगैँचासम्म पुगेर आवश्यक परामर्श दिने गरेको छ । कार्यालयका अनुसार आर्थिक वर्ष २०७९/८० मा जिल्ला रु २० लाख मूल्य बराबरका कागती उत्पादन भएका छन् । पाँच सय हेक्टर क्षेत्रफलमा कागतीखेती गरिएकामा चार सय ५० मेट्रिक टन कागती उत्पादन भएको छ ।

# अस्पताल आउने ५० प्रतिशत बिरामीमा आँखा पाक्ने समस्या : नेपाल नेत्रज्योति संघ

रासस
काठमाडौँ, २३ साउन

पछिल्लो समय देशैभरि आँखापाक्ने समस्या (कन्जक्टिभाइटिस) फैलिएको छ । देशैभरका अधिकांश आँखा अस्पतालमा आँखा पाक्ने रोगका बिरामीहरू चाप बढिरहेको छ ।

अहिले आँखा जाँच गराउन आउने बिरामीमध्ये सरदर ५० प्रतिशत बिरामीमा आँखा पाक्ने समस्या देखिएको हो । आँखा अस्पतालहरूमा आउने बिरामीमध्ये सरदर ५० प्रतिशत बिरामीमा कन्जक्टिभाइटिसको समस्या देखिएको नेपाल नेत्रज्योति सङ्घका कार्यकारी निर्देशक डा शैलेशकुमार मिश्रले बताउनुभयो ।

"सुरुआतमा भारतको सीमावर्ती क्षेत्रहरूमा मात्र कन्जक्टिभाइटिसको समस्या देखिएको थियो । अहिले देशैभरि यो समस्या फैलिरहेको छ, हाम्रो नेटवर्कका सबै अस्तालहरूको सोमबारसम्मको डाटा हेर्ने हो भने दैनिक आँखा जाँच गराउने बिरामीमध्ये ५० प्रतिशतमा कन्जक्टिभाइटिसको समस्या देखिएको छ", उहाँले भन्नुभयो ।

सङ्घको तथ्याङ्कअनुसार अहिले दैनिक आँखाजाँच गराउन आउने बिरामीमध्ये दाङको राप्ती आँखा अस्पताल र लमही आँखा अस्पतालमा मात्रै करिब ८० प्रतिशत बिरामी आँखा पाक्ने समस्या लिएर आउने गरेका छन् । सङ्घका महासचिव भरतबहादुर चन्दले देशैभर कन्जक्टिवाइटिसको प्रकोप बढिरहेकाले यसमा केन्द्रित भएर सेवा प्रवाह गर्न सङ्घअन्तर्गतका अस्पताल तथा उपचार केन्द्रहरूलाई निर्देशन जारी गरेको समेत जनाकारी दिनुभयो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले समेत देशका विभिन्न जिल्लामा भाइरल कन्जक्टिभाइटिस देखिएकोले सतर्क रहन सुझाव दिनुभयो । मन्त्रालयका सहप्रवक्ता डा समीर अधिकारीले भाइरल कन्जक्टिभाइटिस रोग घरमै स्याहार गरे एकदेखि दुई हप्तामा आफैँ निको हुने हुँदा स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधि प्रयोग नगर्न सुझाव दिनुभयो । दृष्टि कम हुनेलगायतका आँखासम्बन्धी समस्या बढेमा उपचारका लागि तुरुन्त स्वास्थ्य संस्था सम्पर्क गर्नुपर्ने चिकित्सकहरूले बताए ।

चिकित्सकका अनुसार भाइरल कन्जक्टिभाइटिसले आँखा रातो हुने, चिलाउने, आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने, आँखाको ढकनी रातो हुने, सुन्निने, आँखा बिझाउने / दुख्ने र घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने लक्षण देखिन्छ । हरेक बर्ष बर्खाको समयमा आँखा पाक्ने समस्या देखिने गरेको भए तापनि यो पटक भने यो समस्या प्रकोपकै रूपमा फैलिरहेको छ ।

"भाइरल कन्जक्टिभाइटिस सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ । त्यसैले रोकथामका भनेको सङ्क्रमित व्यक्तिसँग सम्पर्कमा नजाने र सङ्क्रमित व्यक्ति भीडभाडबाट बच्नुपर्छ ।" यस्तै सङ्क्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तै टावेल, रुमाल, सिरानी, तन्ना प्रयोग नगर्ने जथाभावी आँखा नछुने र आँखा छुनु परेमा छुनुअघि वा छोइसके पछि साबुनपानीले मिचीमिची राम्रोसँग हात धुनपर्छ ।

नेपाल नेत्रज्योति सङ्घको लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थानका मेडिकल डाइरेक्टर प्राडा ज्ञानेन्द्र लामिछानेले भन्नभयो, "यो एडिनो भाइरसका कारण लाग्ने रोग हो, यस्ता समस्या देखिएका बिरामीहरूले नआत्तिई सावधानी अपनाउनुपर्छ । यस्ता बिरामीको आँखामा हेर्दैमा सर्दैन, बिरामीको आँखाबाट आएको आँसु मिसिएको वस्तु तथा सामानहरूको प्रयोगबाट मात्र यो रोग सर्नसक्छ ।"

# म्याग्दीका मुख्य सडक अवरुद्ध

पोखरापत्र संवाददाता
म्याग्दी, २३ साउन

म्याग्दी जिल्लाका प्रमुख सडक अवरुद्ध भएका छन् । गए रातिदेखिको अविरल बर्सातका कारण सदरमुकाम बेनीदेखि छिमेकी जिल्ला मुस्ताङ र म्याग्दीका ग्रामीण क्षेत्र जोड्ने सडकमा यातायात प्रभावित भएको हो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय म्याग्दीका प्रमुख राजेन्द्र पौडेलले रघुगङ्गा गाउँपालिका–२ बैसरी र अन्नपूर्ण गाउँपालिका–२ नौनीबगरको पहिरोले बेनी-जोमसोम सडक अवरुद्ध बनेको बताउनुभयो । बेनी-जोमसोम र बेनी–दरवाङ म्याग्दीका प्रमुख सडक हुन् ।

बैसरीमा आइतबारदेखि बन्द भएको म्याग्दीको रघुगङ्गा, अन्नपूर्ण गाउँपालिका हुँदै मुस्ताङ जिल्ला जोड्ने बेनी-जोमसोम सडक मङ्गलबार साँझसम्म पनि खुलेको छैन । बेनी-जोमसोम-कोरला सडक आयोजनाका सुपरभाइजर इन्द्रसिंह शेरचनले निरन्तरको झरीसँगै पहिरो खस्न नरोकिएकाले सवारी आवतजावत खुलाउन नसकिएको बताउनुभयो ।

बेनी-जोमसोम सडक अवरुद्ध हुँदा स्थानीयवासीका साथै मुस्ताङ जाने आउने तीर्थयात्री, पर्यटक र स्थानीयवासी मर्कामा परेका छन् । ढुवानी र निकासी ठप्प भएको छ । जिल्ला प्रशासन कार्यालय म्याग्दीले पहिरोको जोखिमयुक्त क्षेत्र मानिएको बेनी-जोमसोम सडकको राहुघाट-तातोपानी खण्डमा रातको समयमा यात्रा नगर्न अनुरोध गर्दै सार्वजनिक सूचना जारी गरेको छ ।

बेनी नगरपालिका र मङ्गला गाउँपालिकाको सिमानामा पर्ने फापरखेतको पहिरोका कारण धौलागिरि, मालिका र मङ्गला गाउँपालिकालाई सदरमुकाम बेनीसँग जोड्ने बेनी-दरवाङ सडक पनि मङ्गलबार बिहानदेखि बन्द छ ।

सोमबार राति खसेको पहिरो बिहान पन्छाएर सवारी आवतजावत खुलाएपछि दिउँसो पुनः पहिरो खसेर अवरुद्ध बनेको बेनी नगरपालिका–४ का वडासदस्य प्रेम श्रीसले बताउनुभयो । काम विशेषले गन्तव्यमा पुग्नुपर्ने यात्रु पैदलयात्रा गर्न बाध्य भएका छन् । पानी पर्न रोकिने बित्तिकै फापरखेतको पहिरो पन्छाउन पूर्वाधार विकास कार्यालय म्याग्दीले डोजर तयारी अवस्थामा राखेको छ ।